नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. : म.बै./३२१/2629

मिति: २०७८/८/२

श्री सचिव,
गृह मन्त्रालय।

बेमौसमी वर्षाबाट धान बालीमा पुगेको क्षतिको सम्बन्धमा कृषकलाई राहत उपलब्ध गराउने विषय म.प.बै.सं. ५४/०७८ मिति २०७८/८/२ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

<u>नेपाल सरकारको निर्णय</u>–

"हालैको बेमौसमी वर्षाबाट धान बालीमा पुगेको क्षतिको सम्बन्धमा कृषकलाई राहत उपलब्ध गराउने प्रयोजनार्थ राहत विवरण सम्बन्धी कार्यविधि तयार गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८/७/११ को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा गठित कार्यदलले पेश गरेको बाढी र डुवानका कारण धानबालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने कार्यविधि, २०७८ स्वीकृत गर्ने।"

(शंकरदास बैरागी)
मुख्यसचिव

**<u>बोधार्थ तथा कार्यार्थ:</u>**
श्री सचिव, अर्थ मन्त्रालय।
श्री सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय।
श्री सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।
श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np